# लालझाडी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### शंकरपुर, कञ्चनपुर

पत्र संख्याः-०७९/८०
चलानी नं.-

सुदुरपश्चिम प्रदेश, नेपाल

**कर्मचारी(बालविकास संयोजक)आवश्यकता सम्बन्धी सुचना**

**प्रकाशित मितिः २०७९।०८।२५**

यस गाउँपालिकाको सहकार्य तथा युनिसेफ नेपाल र सेतो गुराँस राष्ट्रिय बालविकास सेवा, ललितपुरको संयुक्त सहयोगमा सञ्चालित **"नेपालमा प्रारम्भिक बाल शिक्षा र विकासको सवलीकरणका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड कार्यान्वयन परियोजना"** अर्न्तगत यस लालझाडी गाउँपालिकाका लागि **बालविकास संयोजक** पदमा खुला प्रतियोगितात्मक परिक्षाबाट सेवा करारमा कर्मचारी आवश्यकता भएको हुँदा यो सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस गाउँपालिकाको कार्यालयमा तोकिएको योग्यता पुगेका इच्छुक उम्मेदवारबाट दरखास्त आव्हान गरिन्छ ।

| क.स. | विज्ञापन नं. | पद | माग संख्या | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०२-२०७९।८० | बालविकास संयोजक | १ | लालझाडी गाउँपालिका | |

**आवश्यक न्यूनतम योग्यता विवरणः**

**१. न्यूनतम शैक्षिक योग्यताः**

- नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा शिक्षाशास्त्र वा अन्य विषयमा स्नातक उत्तीर्ण गरेको ।

**२.अनुभवः**

- बहुक्षेत्रीय (स्वास्थ्य, पोषण, सुरक्षा, उत्प्रेरणा, सहजीकरण प्रविधि र बालस्याहार आदि) कार्यक्रमका लागि कम्तिमा २ वर्ष अनुभव प्राप्त व्यक्तिलाई प्राथमिकता दिइनेछ ।
- प्रारम्भिक बालविकास सम्बन्धी नीति नियम तथा कार्यक्रम बारेमा जानकार हुनुपर्ने,
- स्थानीय योजना निर्माण र प्रक्रिया सम्बन्धी अनुभव र ज्ञान भएको हुनुपर्ने,
- अभिभावक शिक्षा, अभिभावक अभिमुखीकरण कार्यक्रम सम्बन्धी अनुभव भएको हुनुपर्ने,
- प्रारम्भिक बालविकास तथा एकीकृत प्रारम्भिक बालविकास सम्बन्धी राम्रो ज्ञान भएको,
- स्थानीय सरकार र सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी विभिन्न कार्यशाला र तालिम सञ्चालनगर्न सक्ने,
- कार्यक्रम पश्चात पनि बालविकास संयोजक पदमा निरन्तरता हुने दक्षता भएको ।

**३.प्राथमिकताः** सम्बन्धि तपालिकाको बासिन्दालाई प्राथमिकता दिइनेछ । सम्बन्धित पालिकामा उपयुक्त आवेदक नभएको खण्डमा नजिक पालिकाको हुनुपर्ने ।

**४. छनौट प्रक्रिया** : लिखित तथा मौखिक अन्तर्वार्ता (छोटो सुचीमा परेका उम्मेदवारलाई मात्र लिखित परिक्षामा समावेश गरिनेछ ।)

**५. दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातः** शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, अनुभवको प्रमाणपत्रको प्रतिलिपि

**६. दरखास्त दिने स्थानः लालझाडी गाउँपालिकाको कार्यालय, शंकरपुर कञ्चनपुर**

*नोटः दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा अर्को दिन कार्यालय समय भित्र आवेदन दिन सकिने।*

.................................

प्रमुख प्रशासकीय अधिकृत